# चौदण्डीगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बेल्टार, उदयपुर

आ.व.०७६/७७ को

# प्रगति समिक्षा बैठक

**आयोजक**

चौदण्डीगढी नगरपालिका

बेल्टार, उदयपुर

## वार्षिक प्रगति समिक्षा प्रतिवेदन

चौदण्डीगढी नगरपालिकाको आर्थिक वर्ष २०७६ / ७७ को वार्षिक प्रगति समिक्षा वैठक मिति २०७७ साल असोज ३० गते नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर उप प्रमुख तथा कार्यपालिका सदस्यहरु र चौदण्डीगढी नगरपालिकाका सवै शाखा प्रमुखहरुको उपस्थितमा चौदण्डीगढी नगरपालिका मेयर ज्यूको कार्यकक्षमा सम्पन्न भयो ।

उक्त वार्षिक प्रगती समिक्षा कार्यक्रममा चौदण्डीगढी नगर कार्यपालिका सदस्यहरु र शाखा प्रमुखहरु गरी जम्मा ३४ जनाको सहभागीता रहेको थियो भने शाखागत रुपमा प्रशासन शाखा, सामाजिक विकास शाखा, योजना तथा प्राविधिक शाखा, स्वास्थ्य शाखा, कृषि शाखा, सूचना प्रविधि शाखा, आर्थिक प्रशासन शाखा, राजश्व शाखा, पशु सेवा शाखा,सहकारी शाखा, जिन्सी शाखा, न्यायिक शाखा, नापी शाखा र रोजगार संयोजक शाखाको सहभागीता रहेको थियो ।

सवै शाखाहरुको तर्फवाट आर्थिक वर्ष २०७६।७७ को वार्षिक प्रगति समिक्षाको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुवराज आचार्यले थियो भने प्रतिवेदन माथि उठेका सवालहरुको जवाफ प्रमुख प्रशासकीय अधिकृत र सम्वन्धित शाखा प्रमुखहरुले दिनु भएको थियो ।

## चौदण्डीगढी नगरपालिकाको दीर्घकालीन सोच

**समृद्ध नगर वनाउने अभियान, हरेक नगवासीको मुहारमा मुष्कान** भन्ने तय भएको थियो भने आ.व. २०७६।७७ का नीतिहरु देहाय वमोजिम तय भएको थियो ।

चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर १ नं. प्रदेश, नेपाल

आचार्य

- सामाजिक विकास एवम समाजकल्याण हाम्रो दायीत्व
- समृद्ध युवा उत्कृष्ठ खेलकु उपयुक्त रोजगारी हाम्रो जिम्मेवारी
- जनउपयोगी शिक्षा सक्षम नागरिक
- स्वच्छ नागरिक स्वस्थ नगर
- स्थानीय विकास पूर्वाधार विकासको आधार
- हाम्रो आवास मौलिक र सुरक्षित आवास
- हाम्रो चौदण्डी, उज्यालो चौदण्डी
- सहज,सुलभ, सुरक्षित र व्यवस्थित यातायात
- हाम्रो मातृभाषा हाम्रो गौरव
- हाम्रो संस्कृति र सम्पदा, पर्यटकको लागि चिनारी रहन्छ सदा सदा
- सफल नगरको लागि सुशासन
- सूचना तथा संचार सूसुचित हुन पाउनु हाम्रो अधिकार
- स्व्च्छ वातावरण सहितको सुन्दर चौदण्डीग्ढी नगरपालिका
- सुरक्षा र विपद व्यवस्थापन आजको आवश्यकता
- सक्षम न्याय प्रणाली र कानूनी व्यवस्था
- जनसंख्या योजना तथा तथ्यांक

- प्रभावकारी समन्वय र सम्वन्ध विकास
- आर्थिक विकास उन्मुख राजश्व नीति र वित्तिय व्यवस्थापन
- आर्थिक विकास र संमृद्धि

## उपलव्धीहरु ( भौतिक पूर्वाधार तर्फ )

- नगरको सवै क्षेत्रमा विजुली वत्तीको व्यवस्था
- खेलकुद मैदान निर्माण तथा स्तरोन्नती
- वजार क्षेत्रमा ढल निर्माण सहित कालोपत्रे निर्माण
- तरकारी वजार निर्माण
- वसपार्क निर्माणका लागि पूर्वाधार तयार
- सवै वडाको केन्द्रमा सडक संजाल विकास
- नगरको प्रशासनिक भवन ठेक्का सम्झौता
- कोभिड अस्पत्तालको ठेक्का सम्झौता

## उपलव्धीहरु ( सामाजिक विकास तर्फ )

- लक्षित वर्ग तर्फ विभिन्न सीपमूलक, कार्यमूलक तालिम संचालन
- लैगिक समानता तथा सामाजिक समावेशीकरणको लागि जन प्रतिनिधिहरु र सरोकारवालाहरुलाई अभिमुखीकरण तालिम संचालन भएको ।

## विपद जोखिम न्यूनिकरण तर्फ

- नेपाल सरकारको निर्देशन अनुसार वडा स्तरमा विपद जोखिम न्यूनीकरण व्यवस्थापन समिति गठन भई परिचालन भएको
- सवै वडा र नगरमा समेत विपद व्यवस्थापन कोष स्थापना र संचालन
- विपद व्यवस्थापन व्यवस्थापन समिति को सिफारिसका आधारमा नगर वोर्डवाट ३ लाख सम्मको आवास निर्माण सहयोग ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

- नियमित तलव निकास
- एस.ई.ई. सपोर्ट
- शिक्षक कम भएको ठाउमा शिक्षक सपोर्ट कार्यक्रम
- मावि हरुमा विद्युतिय हाजिरीको सुरुवात भएको
- अंग्रेजी माध्यमका पाठयपुस्तक सपोर्ट
- वाल विकास केन्द्र पपोर्ट कार्यक्रम
- नपा द्धारा स.का. र कर्मचारीहरुलाई प्रोत्साहन कार्यक्रम
- ज्योति मा.वि.लाई १८ महिने वाली विज्ञान कार्यक्रम सपोर्ट

आचार्य
अधिकृत

## स्वास्थ्य तर्फ

- स्वास्थ्य चौकी भवन निर्माण चौदण्डीगढी
- खोप केन्द्र भवन निर्माण - आम्साल र मकमडाडा
- वर्थिङ. सेन्टर भवन निर्माण चौ.न.पा. ८
- औषधी खरिद २ पटक
- न्यानो झोला खरिद ( सुत्केरी आमा हरुका लागि )
- ४२५ जनाको स्वाव संकलन - कोभिड १९
- संक्रमितको उपचार ४८
- पूर्णखोप भएको वच्चा संख्या ८४४

## सेवा प्रवाह, सुशासनको लागि गरिएको उल्लेखनिय प्रयासहरु

- सामाजिक सुरक्षा भत्ता निवेदन तथा व्यक्तिगत घटना दर्ता कार्य वडा वडामा नै संचालन भएको ।
- ई. विडिङ. मार्फत निर्माण कार्यको खरिद गर्ने कार्य भई रहेको
- वडाहरुमा नागरिक वडापत्र तयार गरी कार्यान्वयनमा ल्याईएको
- गुनासो सुन्ने अधिकारी( सूचना अधिकारी र सवै वडा सचिवहरुलाई सहायक सूचना अधिकारी तोकी जिम्मेवारी दिईएको ।

- कार्यपालिकावाट सामान्य प्रशासन समिति गठन गरी कृयाशिल वनाईएको ।
- नियमित अनुगमन ( वजार, योजना ) ढलान कटर मेसिनको प्रयोग

## चौदण्डीगढी नगरपालिकाको असल अभ्यासहरु

- कार्यपालिकावाट राहत सम्वन्धि मापदण्ड निर्माण भई कार्यान्वयन भएको ।
- नेपाल रेडक्रस सोसाईटी सँगको सहकार्यमा नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना २०७७ निर्माण भएको ।
- आन्तरिक प्रयासवाट कर्मचारी र जनप्रतिनिधिहरुको लागि तालिम तथा क्षमता विकास गरिएको ।
- नियमित रुपमा कार्यपालिकाको वैठक वस्ने गरेको मासिक ३ पटक
- मासिक रुपमा वडा सचिव र कार्यालयका कर्मचारीहरुको वैठक वस्ने गरिएको ।
- २४ सै घण्टा दमकल सेवा , शववहान सेवा, एम्वुलेन्स सेवा संचालन

- प्राथमिक स्वास्थ्य केन्द्रलाई नगरपालिकाले निर्णय गरी १५ वेडको नगर अस्पत्ताल वनाउन सिफारिस गरी अस्पत्ताल निर्माणको प्रकृयामा रहेको ।
- ६० वर्ष उमेर पुगेकाको मृत्यु भएमा काज किरिया खर्च रु १० हजार उपलव्ध गराउने गरिएको ।
- स्वीस सरकारको सहयोगमा तथा उदयपुर जिल्लाका सवै स्थानीय सरकारहरुको लगानीमा वडा नं. ६ मा कोभिड अस्पत्तालको निर्माण भएको
- नगर क्षेत्रका सडकहरुमा धुलो कम गर्न पानी हाल्ने व्यवस्था मिलाईएको ।
- उपमेयर सुत्केरी कोशेली कार्यक्रम संचालनमा ल्याईएको

## संघ, प्रदेश र अन्य निकाय सँग अपेक्षा

- ठूला भौतिक पूर्वाधार निर्माणमा सहयोग र सहकार्य गर्नुपर्ने
- संघ र प्रदेशवाट पर्याप्त अनुदानको व्यवस्था हुनु पर्ने
- ठूला तथा दीर्घकालिन योजनाहरुको डि.पी.आर. तथा निर्माण कार्यमा सहयोग र सहजीकरण हुनु पर्ने

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

- स्थानीय तहका कर्मचारीहरुको सेवा शर्त सम्वन्धि कानून छिटो पारित गरी वृत्ति विकास लगायतका सेवा शर्तको सुरक्षाको प्रत्याभूति हुनु पर्ने

## समग्रमा उपलव्धीहरु

- कार्यपालिकावाट राहत वितरणको मापदण्ड तयार भई राहत वितरण - विपदवाट घरवार विहिन भएकालाई ३ लाख, औषधी उपचार सहयोग रोगको प्रकृति हेरी २००० देखि ५०००० सम्म आंसिक क्षतीमा प्रहरी मुचुल्का वडाको सिफारिस र अवस्था हेरी छाना फेरीदिने,घेरावेरा गरिदिने आदि, हात्ती आतंकमा ५००० देखि १००००, विपदले मृत्यु भएमा २५०००, हात्तीले वालीनाली नष्ट गरेमा ५००० वाढीले खेतवारी वगाएमा ५०००
- २४ सै घण्टा दमकल सेवा, सव वहान सेवा र एम्वुलेन्स सेवा
- प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ वेडको नगर अस्पत्ताल वनाउन सिफारिस गरी अस्पत्ताल निर्माणको प्रकृयामा रहेको
- ६० वर्ष उमेर पुगी मृत्यु भएकालाई काज किरियाको लागि १०००० सहयोग
- हरेक दिन सडकमा पानी हाल्ने व्यवस्था
- उपमेयर सुत्केरी कोसेली कार्यक्रम

चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर १ नं प्रदेश, नेपाल

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# चुनौतिहरु

- छरिएका र टुक्रे योजनाहरु धेरै
- अनुमान गरे भन्दा कम आन्तरिक आय र अनुदान प्राप्त हुनु
- ठूलो भूगोल, माग तथा आवश्यकता धेरै र श्रोत साधनको न्यूनता
- प्राविधिक जनशक्तिको न्यूनता
- सवै वडाहरुमा विद्युत र इन्टरनेटको सुविधा नपुगेको
- अनौपचारीक र अव्यवस्थित भू स्वामित्व
- अन्तरनिकाय समन्वय प्रभावकारी हुन नसकेको
- प्रयास र पूर्ण सूचना तथ्यांकहरुको अभाव
- योजनाहरुको सहभागिता कमजोर रहेको
- सडक ढल कार्यालय भवन, खानेपानी पर्यटन लगायतका पूर्वाधार कमी
- वाढी, सर्पदंश, आगलागी लगायतका विपदजन्य समस्याहरु
- कानून निती, नियम, कार्यविधिको अपर्याप्तता र भएको पनि न्यून पालना
- आम जनतामा आफनो अधिकार प्रति जागरुकता वढेपनि कर्तव्य र अनुशासन प्रति चासो कम
- विभिन्न प्रतिकूलता तथा परिस्थितीले गर्दा विच विचमा योजना कार्यक्रमहरु संसोधन भई रहने ।

चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

धन्य आचार्य

प्रमुख प्रशासकीय अधिकृत

# सुधार गर्नुपर्ने कुराहरु

- छरिएका र टुक्रे योजनाहरु सके सम्म कम गर्नुपर्ने ।
- अनुमान गरे भन्दा क़म आन्तरिक आय र अनुदान प्राप्त हुने गरेकोले करको दायरा अभिवृद्धि गर्ने र अनुदान पर्याप्त पठाउन आवश्यक पहल गर्नु पर्ने
- ठूलो भूगोल, माग तथा आवश्यकता धेरै र श्रोत साधनको न्यूनता देखिएकोले आवश्यकता र औचित्वको आधारमा मात्र लगानी गर्नुपर्ने
- प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गर्नुपर्ने
- सवै वडाहरुमा विद्युत र इन्टरनेटको सुविधा नपुगे पुर्‍याउनु पर्ने
- अनौपचारीक र अव्यवस्थित भू स्वामित्व अन्त्य गर्नुपर्ने
- अन्तरनिकाय समन्वय प्रभावकारी वनाउनु पर्ने
- प्रयास र पूर्ण सूचना तथ्यांकहरुको व्यवस्था गर्नुपर्ने
- योजनाहरुको सहभागिता अभिवृद्धि गरी अपनोत्वको भावना सृजना गर्नुपर्ने
- सडक ढल कार्यालय भवन, खानेपानी पर्यटन लगायतका पूर्वाधारहरुमा लगानी वढोत्तरी गर्नुपर्ने
- बाढी, सर्पदंश, आगलागी लगायतका विपदजन्य समस्याहरु कम गर्न जन चेतनामूलक अभियानहरु संचालन गर्नुपर्ने

ध्रुवरा[illegible] आचार्य
प्रमुख प्रशासकीय अधिकृत